नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा. मन्त्रीस्तर निर्णयबाट मिति २०८१।०७।३० मा स्वीकृत

# कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना:** कृषि तथा पशुपन्छी क्षेत्रमा साना तथा मझौला खालका कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न, रोजगारीका अवसरहरु सिर्जना गर्न तथा कृषि श्रमको उत्पादकत्व वृद्धि एवं कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिले प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "उद्यम" भन्नाले जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्देश्यको पूरा गर्नका लागि गरिने शारीरिक परिश्रम, सिर्जनात्मक आर्थिक क्रियाकलाप, व्यवसाय तथा उद्योगलाई सम्झनुपर्छ।

(ख) "उद्यमशीलता" भन्नाले कुनै व्यवसाय, उद्योग वा उद्यम सञ्चालनको प्रक्रियालाई सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमलाई सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको परियोजना कार्यान्वयन एकाइलाई सम्झनुपर्छ।

(ङ) "कृषि उद्यमी" भन्नाले आय-आर्जन गर्ने उद्देश्यले कृषि, पशुपन्छी तथा मत्स्य उद्योग, व्यवसाय वा उद्यम सञ्चालन गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्दछ।

(च) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रम/क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्नका लागि गठित दफा-११ बमोजिमको समितिलाई सम्झनुपर्छ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

३. **उद्देश्य:** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) कृषि क्षेत्रमा युवाहरुको आकर्षण वृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(ख) कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यम (Small and Medium scale enterprises) मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग गर्ने।

(ग) कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन तथा उद्योगका क्षेत्रमा प्रयोग हुने श्रमको उत्पादकत्व (Labor Productivity) वृद्धि गर्न सहयोग गर्ने।

(घ) कृषि क्षेत्रमा नवप्रवर्तन (innovation) तथा नवीनतम (Innovative) प्रविधिहरुको उपयोग र प्रवर्द्धनलाई बढावा दिने।

(ङ) वैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा रहेका एवम् विदेशबाट फर्केका युवा, कृषि विषय अध्ययन गरेका विद्यार्थी, बेरोजगार युवा, महिला तथा दलित समुदायका युवालाई कृषि तथा पशुपन्छीजन्य व्यवसाय/उद्यम गर्न अभिप्रेरित गर्ने।

(च) कृषि क्षेत्रमा आधुनिक प्रविधि र औजारको प्रयोग गर्न सहयोग गर्ने।

४. **अपेक्षित प्रतिफल:** (१) यस कार्यक्रमको अपेक्षित प्रतिफलहरु देहाय बमोजिम रहेका छन्:-

(क) कृषिमा आधारित साना तथा मझौला व्यवसाय/उद्यमहरुको स्थापना वा क्षमता अभिवृद्धि तथा बाली/वस्तु उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणसदँग सम्बन्धित संरचना तथा पूर्वाधारहरुको निर्माण भएको हुने ।

(ख) कृषि तथा पशुपन्छी क्षेत्रमा थप रोजगारीको अवसरहरु सिर्जना भएको हुने ।

(ग) कृषि तथा पशुपन्छी क्षेत्रमा कम्तीमा १० वटा नवीनतम (Innovative) प्रविधिहरुको उपयोग भएको हुने।

(घ) वैदेशिक रोजगारीबाट फर्केका तथा कृषि, भेटेनरी, पशु विज्ञान तथा मत्स्य विज्ञान विषय अध्ययन गरेका विद्यार्थीहरु, महिला, दलित तथा बेरोजगार लक्षित लाभग्राहीले कृषि उद्यम/व्यवसाय सञ्चालन गरेको हुने।

(ङ) कृषि तथा पशुपन्छी क्षेत्रमा निजी क्षेत्रबाट हुने सह-लगानी अभिवृद्धि भएको हुने।

५. **प्रतिफलको मापन:** (१) कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धिहरुको प्रतिफल मापन देहायका सूचकहरुको आधारमा गरिनेछ:-

(क) कृषि तथा पशुपन्छी क्षेत्रमा थप स्थापना वा क्षमता अभिवृद्धि भएका साना तथा मझौला व्यवसाय/उद्यमहरु (SME) को संख्या।

(ख) स्थापना भएका साना तथा मझौला व्यवसाय/उद्यमहरु (SMEs) मा रोजगारी प्राप्त गर्नेको संख्या।

(ग) कृषि तथा पशुपन्छी क्षेत्रमा अवलम्बन गरिएका नवीनतम (Innovative) प्रविधिहरुको संख्या।

सचिव

(घ) कृषि उद्यम विकासका लागि निर्माण भएका उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित संरचना तथा पूर्वाधारहरुको संख्या र उत्पादनमा वृद्धि।

(ङ) निजी क्षेत्रबाट भएको सह-लगानी।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन हुने बाली/वस्तु, मूल्य-श्रृंखलाका क्षेत्र र लक्षित वर्ग

६. **कार्यक्रम सञ्चालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्र :** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा सञ्चालन गरिनेछ।

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण।

(ख) तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण।

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधीकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण।

(च) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण।

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन।

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण।

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण।

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय।

(ट) फलफूल प्रशोधन र बजारीकरण।

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन।

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण।

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन।

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय।

(त) अर्गानिक कृषि निर्यात।

(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन।

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण

७. **लक्षित लाभग्राही:** (१) कार्यक्रम सञ्चालनका लागि तोकिएका क्षेत्र तथा जिल्लाभित्रका १८ वर्ष देखि ५० वर्ष उमेर समूहका नेपाली कृषक तथा कृषि उद्यमीहरु लक्षित लाभग्राही हुनेछन्।

(२) कार्यक्रममा निजी फर्म, कृषि उद्यमी र कृषक समूह तथा सहकारीमा आवद्ध कृषक/कृषि उद्यमी सहभागी हुन सक्नेछन्।

सचिव

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

८. **कार्यक्रम सञ्चालन गर्ने निकाय र कार्यक्षेत्र:** यो कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका परियोजना कार्यान्वयन एकाइ मार्फत सञ्लालन हुनेछ र परियोजनाको स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसारका जिल्लाहरु यो कार्यक्रमको कार्यक्षेत्रको रुपमा रहनेछन्।

९. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान:** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्बन्धित परियोजना कार्यान्वयन एकाइले अनुसूची-१ अनुसारको ढाँचामा ३० दिनको समयसीमा तोकी सार्वजनिक सूचना प्रकाशन गरी ईच्छुक लक्षित लाभग्राहीबाट प्रस्ताव आव्हान गर्नुपर्नेछ। दफा ११ बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिले जिल्लामा उद्यमशीलता कार्यक्रम सञ्चालनका लागि दफा ६ मा समावेश भएका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरु मध्येबाट सम्भाव्य बाली/वस्तुहरुको अध्ययन तथा प्राथमिकीकरण गरी स्वीकृतीका लागि कार्यालय समक्ष पेश गर्नुपर्नेछ। यसरी स्वीकृत भएका बाली वस्तुहरुमा कार्यक्रम सञ्चालनका लगि कार्यालयले सूचना प्रकाशन तथा प्रवाह गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसारको सूचना कार्यक्रम सञ्चालन हुने सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यालय तथा सम्बन्धित स्थानीय तहका सम्बन्धित कृषि तथा पशुसेवा शाखाहरुमा समेत सूचना टाँस गरी जानकारी गराउनु पर्नेछ।

१०. **आवेदन तथा प्रस्ताव पेश गर्ने:** यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसूची-२ अनुसारको ढाँचामा आवश्यक सम्पुर्ण कागजात सहितको आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको समयभित्र परियोजना कार्यान्वनय एकाइको कार्यालयमा पेश गर्नु पर्नेछ। ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित परियोजना कार्यान्वयन एकाइले सहजीकरण गर्नु पर्नेछ।

११. **प्रस्ताव मूल्याङ्कन तथा स्वीकृति:** (१) तोकिएको समय सीमाभित्र प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न परियोजना कार्यान्वयन एकाइ अन्तर्गत देहाय अनुसारको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, परियोजना कार्यान्वयन एकाइ | संयोजक |
| प्रमुख वा अधिकृत प्रतिनिधि, प्रदेशको जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय | सदस्य |
| जिल्ला समन्वय समितिको प्रतिनिधी | सदस्य |
| जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी | सदस्य |
| विषयगत विज्ञ एक जना | सदस्य |
| कृषि/पशु सेवा अधिकृत/प्राविधिक, परियोजना कार्यान्वयन एकाइ | सदस्य-सचिव |

विषयगत विज्ञ भन्नाले प्रदेश स्तरिय परियोजना समन्वय एकाइमा कार्यरत विज्ञलाई बुझिनेछ। यदि त्यस्तो विज्ञ नभएमा परियोजना कार्यान्वयन एकाइले आवश्यक ठानेको विज्ञलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(२) समितिले कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश भएका स्थानीय तहहरु मध्येबाट बढीमा कुनै २ वटा स्थानीय तहका कृषि/पशु सेवा क्षेत्र हेर्ने शाखा प्रमुख वा प्रतिनिधिलाई बैठकमा सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले प्राप्त प्रस्ताव उपर अनुसूची-४ बमोजिम तथा आवश्यकता अनुसार थप मापदण्ड तयार गरी प्रस्तावहरुको मूल्याङ्कन गर्न सक्नेछ। ।

(४) समितिले प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्नु पर्नेछ।

(५) परियोजना कार्यान्वयन एकाइको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदान नदोहोरिने पक्षलाई यकिन गरी समितिले प्रस्तावहरुको मूल्याङ्कन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि परियोजना कार्यान्वयन एकाइमा सिफारिस गर्नुपर्नेछ।

(६) समितिबाट मूल्याङ्कन भई प्राप्त भएका प्रस्तावहरुलाई परियोजना कार्यान्वयन एकाइले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

१२. <u>सम्झौता र कार्यादेश:</u> (१) स्वीकृत प्रस्ताव बमोजिम कार्यक्रम सञ्चालनका लागि लाभग्राहीसँग आवश्यक छलफल गरी कार्यालयले अनुसूची-५ को ढाँचामा सम्झौता गरिनेछ।

(२) छनौटमा परेका लाभग्राहीले संझौता बमोजिम सञ्चालन गरिने क्रियाकलापहरुको समयसीमा सहितको कार्ययोजना पेश गर्नु पर्नेछ र कार्यालयले स्वीकृत गरेपछि यो कार्ययोजना संझौताको अभिन्न अङ्ग हुनेछ। यसै सम्झौता र कार्ययोजना बमोजिम कार्यालयले कार्यादेश दिनु पर्नेछ।

(३) सम्झौतामा उल्लेख भएका शर्त र स्वीकृत प्रस्ताव बमोजिम लाभग्राहीले यस कार्यविधि, प्रचलित कानून तथा नर्मसको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ र सम्झौता बमोजिमका शर्तहरु पालना गर्नु दुवै पक्षको जिम्मेवारी हुनेछ।

१३. <u>अनुदानको सीमा तथा भुक्तानी प्रक्रिया:</u> (१) यस कार्यविधि बमोजिम स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलाप सञ्चालन गर्न लागत अनुमानको आधारमा प्रति प्रस्ताव बढीमा चार लाख रुपैंयासम्म अनुदान उपलब्ध गराइनेछ। लागत अनुमान तयार गर्दा उत्पादन, प्रशोधन वा बजारीकरणसँग सम्बन्धित क्रियाकलाप अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ। प्रस्तावकले सञ्चालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दर रेट अनुसार तयार गर्नु पर्नेछ। जिल्ला दररेट स्वीकृत नभएको अवस्थामा प्रचलित बजार मूल्यलाई आधार लिनु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत भएको प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंया जुन कम हुन्छ सोहिअनुसार प्रचलित कानून बमोजिमको करकट्टी गरी भुक्तानीयोग्य रकम कार्यालयबाट अनुदान स्वरुप लाभग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ भने बाँकी पचास प्रतिशत रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ। स्वीकृत लागत अनुमान र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्झौतामा उल्लेख भएको कूल लागत साझेदारी रकम भन्दा बढी रकम खर्च भएको अवस्थामा सम्झौताभन्दा बढी खर्च हुन आएको रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

(३) लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गर्दा खर्च भएको रकम तथा बिल भर्पाईहरुको लेखा राख्नु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा खर्च भएको कूल रकम र सम्बन्धित बिल भर्पाइहरुको प्रमाणित छाँयाप्रति आफूसँग राखी सक्कल बिल भर्पाइहरु अनुदान भुक्तानी र लेखापरिक्षण प्रयोजनार्थ कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(४) लाभग्राहीले सम्झौता अनुसारको काम सम्पन्न गरे पश्चात कार्य-सम्पन्न प्रतिवेदन (अनुसूची-६ अनुसारको ढाँचामा) र कार्यक्रम सञ्चालन भएको स्थानीय तह कृषि/पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (अनुसूची-७ अनुसारको ढाँचामा) समेत राखी भुक्तानीका लागि समयमै निवेदन पेश गर्नु पर्नेछ। भुक्तानीका लागि कार्य सम्पन्न प्रगति, अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा सम्बन्धित कार्यालयबाट बढीमा दुई किस्तामा शोधभर्ना गरिने छ।

## परिच्छेद ४
## अनुगमन तथा मूल्याङ्कन, प्रगति प्रतिवेदन र समन्वय

१४. **अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन:** (१) परियोजना कार्यान्वयन एकाईले यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको एकल रुपमा वा परियोजनाका सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ।

(२) सम्झौता बमोजिमको कार्य प्रगतिबारे लाभग्राही स्वयंले नियमित रुपमा एवं कार्य सम्पन्न पश्चात सात दिनभित्र परियोजना कार्यान्वयन एकाइमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) परियोजना कार्यान्वयन एकाइले निर्दिष्ट ढाँचामा स्वीकृत प्रस्तावहरुको प्रगति विवरण अद्यावधिक गर्नु पर्नेछ र मन्त्रालय तथा परियोजना व्यवस्थापन एकाइमा प्रतिवेदन गर्नु पर्नेछ।

१५. **समन्वय :** यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्न तथा अनुदान प्रवाहमा दोहोरोपना हुन नदिन परियोजना कार्यान्वयन एकाइले सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यालय प्रमुख वा प्रतिनिधि, स्थानीय तहका कृषि तथा पशुसेवा शाखा प्रमुख वा प्रतिनिधि वा कार्यक्रम सञ्चालन हुने वडाको वडा कार्यालयका पदाधिकारीहरुसँग आवश्यक समन्वय गर्न सक्नेछ।

सचिव

## परिच्छेद ५

## विविध

१६. **कारवाहीको व्यवस्था :** यस कार्यविधि बमोजिम अनुदान सहयोग प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानलाई दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७. **प्रचलित कानून लागू हुने:** यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा यस कार्यविधि र प्रचलित कानून बमोजिम तथा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम क्रियाकलाप सञ्चालन गरिनेछ।

१८. **कार्यविधि संशोधन परिमार्जन तथा बाधा अडकाउ फुकाउ:** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिका विषयवस्तु तथा अनुसूचीहरु परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-१**
**(परिच्छेद ३ को दफा ९ (१) सँग सम्बन्धित)**
**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ..........**

सूचना नं. :                                                                 सूचना प्रकाशित मिति:

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ............को चालु आ.व. ...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति ............. गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसिल**

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | जिल्लाभरि | **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास** कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैंयासम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढीमा दुई किस्तामा शोधभर्ना गरिने। |

**निवेदन साथ संलग्न कागजातहरु**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-२**
**(परिच्छेद ३ को दफा १० सँग सम्बन्धित)**

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रममा सहभागी हुनका लागि आवेदन फाराम (नमूना)**

मितिः.....................

**श्रीमान् प्रमुखज्यू**
**परियोजना कार्यान्वयन एकाइ........................।**

**विषयः आवेदन पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति.............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि** आवश्यक कागजात सहित म/हामी ...............................................................कृषि उद्यमी/युवा/फर्म संचालक ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

सचिव

श्री नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची-३
## (परिच्छेद ३ को दफा १० सँग सम्बन्धित)

### लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. प्रस्तावकको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने ठेगाना : ............जिल्ला : ......... न.पा./गा.पा........वडा नं...........टोल

३. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम सञ्चालनको मुख्य उद्देश्य :

५. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी अनुभव :....... वर्ष

६. प्रस्तावित कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसँग उपलब्ध स्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा

हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या:

वार्षिक उत्पादन परिमाण: .......... वार्षिक आम्दानी :.............

हाल सञ्चालित क्रियाकलापहरुको फोटोहरु:

१०. कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादकत्व: ................ वार्षिक आम्दानी :.............

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

१२. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१३.कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क.सं. | क्रियाकलाप | एकाइ | परिणाम | दर | कुल लागत रु. | अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्वाइ, चौडाइ, मोटाइ लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरणसमेत राख्नु पर्नेछ। |
| १.१. | | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नु पर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | मल, बीउ, साना औजार वा ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम स्थलमा सिँचाईको व्यवस्था छ/छैन...... छ भने सिँचाईको किसिम.......

१५. कार्यक्रम सञ्चालन हुने स्थल सडकसँग जोडिएको छ/छैन..... छ भने सडकको किसिम.......

१६. कार्यक्रम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ/छैन...... ....

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष
- रोजगारी सिर्जना : ............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्या : प्रत्यक्ष .... अप्रत्यक्ष.......



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ। यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| साक्षी | निवेदक |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नं.: | फोन नं.: |
| मिति : | मिति : |

छाप :....................

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४
## (परिच्छेद ३ दफा ११ (३) सँग सम्बन्धित)
## प्रस्ताव मूल्याङ्कन समितिबाट गरिने मूल्याङ्कनको ढाँचा

लाभग्राही छनौट मूल्याङ्कन मापदण्ड (नमूना)

| क्र.सं. | सूचकाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क |
|---|---|---|
| **अ.** | **प्रमुख मापदण्ड (६५)** | |
| १. | प्रस्तावित कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित स्थानीय उद्यमी | ५ |
| २. | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| ३. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला, पुरुष, दलित, आदिवासी आदि) | ५ |
| ४. | प्रस्तावित कार्यले उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | २५ |
| ५. | प्रस्तावित कार्यले सिर्जना गर्ने रोजगारीको अवसर | ५ |
| ६. | प्रस्तावित बाली/वस्तुको भोगोलिक एवं प्राविधिक उपयुक्तता | १५ |
| **आ.** | **सहायक मापदण्ड (३५)** | |
| १. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ |
| २. | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएको वा प्राप्त नगरेको | ५ |
| ३. | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | १० |
| ४. | प्रस्तावित कार्यको सिर्जनात्मकता एवम् नवीनता | ५ |
| ५. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| ६. | प्रस्तावित कार्य वजारको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | ५ |

*नोटःकार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ। साथै उल्लेखित मापदण्ड अनुसार प्रस्ताव मुल्याङ्कन गर्दा समितिले आवश्यकता अनुसार चेकलिस्ट बनाई मुल्याङ्कन गर्न सक्नेछ ।*

निवेदन नं.        सूचना नंः

| क्र.सं. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड (३५) | | |
| | | | | | |
| | | | | | |

नोटः कोष्ठको अंकले अधिकतम जनाउँछ।

प्रस्ताव मुल्याङ्कन समितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| | | |
| | | |

आमन्त्रित सदस्यः

मितिः



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-५

(परिच्छेद ३ दफा १२ (१) सँग सम्बन्धित)

**सम्झौता पत्रको ढाँचा**

........................ कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र ........... जिल्ला ............ गा.पा./न.पा. वडा नं. ......................ठेगाना र ना.प्र.प.नं.............रहेको.....................श्री.............................. (यस पछि दोश्रो पक्ष भनिएको) बीच.......................कार्यालयबाट मिति ...... ........ ......... गते स्वीकृत भएको प्रस्ताव/कार्यक्रम नं.......... मा उल्लेख भएका क्रियाकलापहरु तपशिल अनुसारको शर्त पालना हुने गरी कार्यक्रम सञ्चालन गर्न मञ्जुर भई यो सम्झौता गरेका छौं।

१. यो सम्झौता, सम्झौता भएको मिति ................ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मिति........... साल.......... महिना .......... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. दोस्रो पक्षले सम्झौता बमोजिम सञ्चालन गर्ने क्रियाकलापहरुको समयसीमा सहितको पेश गरेको कार्ययोजना यो सम्झौताको अभिन्न अङ्गको रुपमा रहनेछ।

३. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्थालाई दिन पाईने छैन।

४. सम्झौता बमोजिमको कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत, अनुदान स्वरुप रु. ............ (अक्षरुपी ...........................) र दोस्रो पक्षको लागत रु. .................. (अक्षरुपी ...........................) व्यहोरिनेछ। पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप अनुसार कार्यसम्पन्न प्रगति, अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा बढीमा दुई किस्तामा सोधभर्ना वापत उपलब्ध गराउनेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा मर्मत संभारको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ। दोहोरो परेको देखिएमा सम्झौता रद्द गर्न सकिनेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र अनुगमन निरीक्षणका क्रममा सहयोग गर्नु पर्नेछ।

७. स्वीकृत प्रस्ताव बमोजिम दोस्रो पक्षले सञ्चालन गर्न चाहेको क्रियाकलाप तथा लागत विवरण खुलाई सर्वसाधारण सबैले देख्ने गरी होडिङ्ग बोर्ड राख्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ। दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।

८. दोस्रो पक्षले सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सम्झौता अवधि तथा कार्यक्रम सञ्चालन भएको आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष बिल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिइनेछ।

१०. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जम्मेवारी दोस्रो पक्षले लिनेछ।



सचिव

११.दोश्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन।

१२.दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ................ मितिसम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाईन र ईष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१३.सम्झौता बमोजिमको लागत सहभागिता सम्बन्धी कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन अनुरुप हस्तान्तरण भैसकेपछि भविष्यमा सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

१४.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६.स्वीकृत प्रस्ताव अनुसार परियोजनाबाट उपलब्ध गराइएको अनुदान सहयोग दोस्रो पक्षबाट दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

पहिलो पक्ष

दस्तखत :
नाम :
पद :
मिति :
छाप :

दोस्रो पक्ष

दस्तखत :
नाम :
पद :
मिति :
छाप :

रहोवर

दस्तखत :
नाम :
ठेगाना :
मिति :

दस्तखत :
नाम :
ठेगाना :
मिति :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**अनुसूची-६**
**(परिच्छेद ३ दफा १३ (४) संग सम्बन्धित)**

## कार्य-सम्पन्न प्रतिवेदनको ढाँचा

**श्रीमान् प्रमुख ज्यू**
**परियोजना कार्यान्वयन एकाइ......................।**

**विषयः कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयसँग मिति............................मा भएको सम्झौता बमोजिम **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास** कार्यक्रम सञ्चालनका लागि म/हामी ................................................................ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रियाकलापहरु सम्पन्न गरिसकेकाले सम्पादित कार्य विवरण खुल्ने देहाय बमोजिमको कार्य सम्पन्न प्रतिवेदन आवश्यक कारवाहीका लागि पेश गरेको छु/छौं।

<u>कार्य सम्पन्न प्रतिवेदनको ढाँचा</u>

- सञ्चालित प्रस्ताव/कार्यक्रमको नाम:
- कार्यक्रम शुरु गरिएको मिति:
- कार्यक्रम सम्पन्न गरिएको मिति:
- कार्यक्रम सञ्चालन गरिएको स्थान:
- कार्यक्रम सञ्चालन गरेको लाभग्राही/उद्यमीको नाम, थर र सम्पर्क नं:.
- सञ्चालित कार्यक्रमको कुल लागत रु.:
- सञ्चालित कार्यक्रममा कार्य सम्पन्न पश्चात कुल अनुदान प्रवाह भएको रकम रु.:
- लाभग्राही/उद्यमी स्वयमले व्योहोरेको रकम रु.:
- कार्यक्रम सञ्चालनका क्रम सम्पादित प्रमुख क्रियाकलाप सम्बन्धी विवरण:

| सम्पादित क्रियाकलाप | लक्षित संख्या | कार्य सम्पन्न प्रगति | कुल खर्च रकम रु. | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- सञ्चालित कार्यक्रममा समग्रमा प्राप्त प्रमुख उपलब्धिहरु *(व्यवसाय विकास, लाभग्राही संख्या, रोजगारी सिर्जना भएको संख्या, कारोवारमा भएको वृद्धि, आदि सम्बन्धी विवरण उल्लेख गर्ने)*

१६

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

• अन्य विवरण तथा सल्लाह सुझाव

*यस कार्यालयसँग भएको मिति को सम्झौता बमोजिम माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए/गरेको ठीक साँचो हो भनी स्व:घोषणा गर्दछु।*

<u>निवेदक</u>

नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

अनुसूची-७

(परिच्छेद ३ दफा १३ (४) सँग सम्बन्धित)

## सम्बन्धित स्थानीय तह कृषि /पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (नमूना)

मितिः....................

श्रीमान् प्रमुखज्यू
परियोजना कार्यान्वयन एकाइ......................।

विषय : सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि मिति............................गते भएको सम्झौता बमोजिम...........................स्थायी ठेगाना भएका..........................छोरा श्री .................. नागरिकता प्र.प.नं...................ले तहाँबाट भएको सम्झौता बमोजिम तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकाले नियमानुसार अनुदान रकम भुक्तानीका लागि सिफारिस साथ अनुरोध छ।

कार्य सम्पन्न विवरण

| क.सं. | सम्पादित क्रियाकलापको विवरण | सम्पादित परिमाण | कुल खर्च रकम रु | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

........................

सम्बन्धित स्थानीय तह कृषि/ पशुसेवा शाखा/वडा कार्यालय